# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, चैत्र २० गते, २०७६ साल (अतिरिक्ताङ्क ४४

## भाग १

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७६ सालको ऐन नं. २१

आन्तरिक मामिला तथा
य, प्रदेश नं. १

# प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

<u>प्रस्तावनाः</u> नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकलाई सुनिश्चित गर्न, वातावरणीय ह्रासबाट मानव जाती, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गर्न तथा वातावरण अनुकूल प्रभावलाई वढोत्तरी गर्न प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापन गरी वातावरण संरक्षण गर्नका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम **"प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण ऐन, २०७६"** रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **"अनुकूलन"** भन्नाले जलवायू परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानी, नोक्सानी, रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ ।

(ख) **"उत्सर्जन"** भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुँवा वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ ।

(ग) **"कोष"** भन्नाले दफा ३५ बमोजिम प्रदेश वातावरण संरक्षण कोष सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(घ) **"जलवायु परिवर्तन"** भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले पृथ्वीको वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखापर्ने परिवर्तन सम्झनु पर्छ ।

(ङ) **"जलवायु परिवर्तन व्यवस्थापन"** भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले त्यस सम्वन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाई समेत जनाउँछ।

(च) **"जोखिमपूर्ण पदार्थ"** भन्नाले मानव स्वास्थ्य, जीवजन्तु, वनस्पती, सूक्ष्म जीवाणु लगायत प्राकृतिक वातावरणमा असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी संक्षारक (कोरोसिभ) गुण भएका रासायनिक तथा भौतिक फोहोर सम्झनु पर्छ ।

(छ) **"जैविक विविधता"** भन्नाले पारिस्थितिकीय प्रणालीको विविधता (इकोसिस्टम डाईभर्सिटि), प्रजातीय विविधता (स्पेसिज डाईभर्सिटि) तथा वंशाणु विविधता (जेनेटिक डाईभर्सिटि) सम्झनुपर्छ ।

(ज) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) **"न्यूनीकरण"** भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ ।

(ञ) **"परिषद"** भन्नाले दफा ३६ बमोजिम गठन हुने परिषद सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ट) **"प्रदूषण"** भन्नाले फोहोरमैला, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी पुऱ्याउने कार्य सम्झनु पर्छ।

(ठ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर १ सम्झनु पर्छ ।

(ड) **"प्रस्ताव"** भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन प्रचलित कानून बमोजिम सञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू–उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ढ) **"प्रस्तावक"** भन्नाले आयोजना वा परियोजना वा कार्यक्रमहरूको प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था वा कम्पनी सम्झनु पर्छ ।

(ण) **"प्रारम्भिक वातावरणीय परीक्षण"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्वन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ ।

(त) **"पूरक वातावरणीय अध्ययन"** भन्नाले एकपटक स्वीकृत भइसकेको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धी प्रस्तावमा आंशिक रुपमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता वा पूँजी वृद्धि गर्न वा उद्देश्य परिवर्तन गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय अध्ययन सम्झनु पर्छ।

(थ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. १ को वातावरण हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(द) **"फोहोरमैला"** भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको ठोस, तरल, ग्याँस, लेदो, धूवाँ, धूलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनुपर्छ ।

(ध) **"वातावरण"** भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ ।

(न) **"वातावरणीय अध्ययन प्रतिवेदन"** भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनुपर्छ।

(प) **"वातावरणीय प्रभाव मूल्यांकन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनुपर्छ ।

(फ) **"सम्बन्धित निकाय"** भन्नाले प्रस्ताव कार्यान्वय गर्ने तथा वातावरणीय अध्ययन प्रतिवेदन सम्वन्धमा कारवाही र निर्णय गर्न

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

तोकिएका निकाय सम्झनु पर्छ र सो शब्दले त्यस्तो कारवाही र निर्णय गर्ने अधिकारी समेतलाई जनाउँछ ।

(ब) **"सम्पदा"** भन्नाले प्रदेशको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, स्थल, वनस्पति तथा जीवजन्तु सम्झनुपर्छ ।

(भ) **"संरक्षण"** भन्नाले वातावरण तथा सम्पदाको सुरक्षा, स्याहार, संभार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनुपर्छ ।

(म) **"संक्षिप्त वातावरणीय अध्ययन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनुपर्छ ।

(य) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिमको गठन भएको गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।सो शब्दले उप-महानगरपालिका तथा महानगरपालिकालाई समेत जनाउँछ।

(र) **"स्थानीय समुदाय"** भन्नाले कुनै पनि तोकिएको क्षेत्रभित्र वा सोको वरिपरि बसोबास गर्ने समुदाय सम्झनुपर्छ ।

## परिच्छेद –२

## वातावरणीय अध्ययन प्रतिवेदन सम्वन्धी ब्यवस्था

३. वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने: (१) प्रदेशको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-१ बमोजिमका विषयसँग सम्वन्धित विकास निर्माण सम्वन्धी कार्य वा कुनै आयोजना वा परियोजना वा कार्यक्रम सञ्चालन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको प्रतिवेदन स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने तर राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र संचालन हुने विकास निर्माण सम्वन्धी कार्य तथा आयोजना बाहेकको प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए तोकिए बमोजिमको प्रकृया पूरा गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहले स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विकास निर्माण सम्वन्धी कार्य वा आयोजनाको प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन समेत स्वीकृतिका लागि मन्त्रालय वा सम्वन्धित निकाय समक्ष पेश गर्न सक्नेछ ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. <u>उपयुक्त विकल्पको आधार र कारण पेश गर्नु पर्नेः</u> (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपर्युक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण खुलाई प्रस्ताव सिफारिस गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवम् दीर्घकालीन प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नुपर्नेछ ।

५. **कार्यसूची तथा क्षेत्र निर्धारणः** (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा कार्यसूची र क्षेत्र निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालय वा सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव सम्वन्धी कार्यसूची र क्षेत्र निर्धारणका सम्वन्धमा मन्त्रालय वा सम्वन्धित निकायले बढीमा एक्काइस दिनभित्र आवश्यक जाँचबुझ गरी स्वीकृति दिनेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृति दिनुपूर्व मन्त्रालय वा सम्वन्धित निकायले थप कुरा बुझ्नु पर्ने भएमा थप समय दिई थप कुरा बुझ्न सक्नेछ र त्यसरी थप कुरा बुझिसकेपछि पन्ध्र दिन भित्र त्यस्तो प्रस्तावमा सुझाव वा शर्त भए त्यस्तो सुझाव वा शर्त सहित स्वीकृति दिनेछ ।

(४) कार्यसूची तथा क्षेत्र निर्धारण सम्वन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **मापदण्ड र गुणस्तर तथा क्षतिपूर्तिः** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरित नहुने गरी प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड र गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड र गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच बर्षसम्म वातावरणीय अध्ययन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, मोरङ्ग, प्रदेश नं. १

प्रतिवेदन तयार गर्न पाउने छैन र सम्वन्धित परामर्शदाताले प्रस्तावकले ब्यहोर्नु परेको क्षतिपूर्ति रकम समेत भराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम रोक लगाउँदा वा क्षतिपूर्ति भराउने निर्णय गर्दा आधार र कारण समेत खोली निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णयको जानकारी निर्णय गरेको पन्ध्र दिन भित्र परामर्शदातालाई दिनु पर्नेछ ।

तर यस दफा बमोजिम निर्णय गर्नुपूर्व सम्वन्धित परामर्शदातालाई सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(४) क्षतिपूर्ति निर्धारण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने:** यो ऐन प्रारम्भ भएपछि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई प्रस्तावसँग सम्वन्धित कुनै पनि कार्य गर्न वा गराउन पाइने छैन ।

८. **समिति सम्वन्धी व्यवस्था:** (१) यस ऐन बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदनको सिफारिस सम्वन्धी कार्य गर्न मन्त्रालयको वा सम्वन्धित निकायको सचिव वा प्रमुख वा निजले तोकेको वातावरणीय अध्ययनसँग सम्वन्धित विषयको अनुभव भएको कम्तिमा नवौं तहको अधिकृतको संयोजकत्वमा तोकिए बमोजिमको एक वातावरणीय अध्ययन प्रतिवेदन मूल्यांकन तथा सिफारिस समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा प्रस्तावसँग सम्वन्धित सरोकारवाला निकायको प्रतिनिधी तथा आवश्यकता अनुसार विषय विज्ञ समेत राख्नु पर्नेछ।

९. **अध्ययन प्रतिवेदन स्वीकृत गर्ने:** (१) दफा ३ बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा दफा ८ बमोजिमको समितिले प्राप्त प्रतिवेदनको आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप अध्ययन गर्नुपर्ने देखिएमा दफा ८ बमोजिमको समितिले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न वा गराउन आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन मन्त्रालय वा सम्वन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्राप्त प्रतिवेदनको कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पर्ने नदेखिएमा दफा ८ बमोजिमको समितिले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रस्ताव पेश भएको एक्काईस दिन भित्र स्वीकृतिको लागि मन्त्रालय वा सम्वन्धित निकाय समक्ष सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालय वा सम्बन्धित निकायले पन्ध्र दिन भित्र स्वीकृत गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्न थप समय लाग्ने भएमा वा स्वीकृत गर्न नसकिने भएमा त्यसको आधार र कारण खोली थप लाग्ने समय उल्लेख गरी प्रस्तावकलाई तत्काल लिखित जानकारी गराउनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी सम्वन्धित प्रस्तावकको हुनेछ ।

(८) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>व्यवस्थापन योजना सम्वन्धी व्यवस्थाः</u> (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनिकरणका उपाय मध्ये कुन कुन उपाय आयोजना निर्माणको क्रममा र कुन कुन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

उपाय आयोजना कार्यान्वयनको क्रममा वा आयोजना सम्पन्न भएपछि अवलम्बन गर्ने हो, सो समेत उल्लेख गरी वातावरणीय अध्ययन प्रतिवेदनमा समावेश गरी तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकूल प्रभाव न्यूनिकरणका उपाय प्रभावकारी भएको नदेखिएमा मन्त्रालय वा सम्वन्धित निकायले आधार र कारण खोली अन्य प्रभावकारी उपाय अवलम्बन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसरी मन्त्रालय वा सम्वन्धित निकायले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्वन्धित प्रस्तावकले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि स्पष्ट कार्ययोजना वनाई कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ महिनामा मन्त्रालय वा सम्वन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय अवलम्बन गर्दा वा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित हुने स्थानीय स्तरमा वसोवास गर्ने समुदाय मार्फत कार्यक्रम सञ्चालन गर्ने कुरालाई प्राथमिकता दिनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणीय अध्ययन गर्नु नपर्ने प्रस्तावको हकमा समेत त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पर्ने देखिएमा मन्त्रालय वा सम्वन्धित निकायबाट वातावरण व्यवस्थापन योजना स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

११. **पूरक वातावरणीय अध्ययन गर्नुपर्ने:** (१) दफा ९ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन वा परिवर्तन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वा पूँजी वृद्धि वा उद्देश्य थप गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्वन्धमा यकिन गर्न प्रस्तावकले प्रस्तावको पूरक वातावरणीय अध्ययन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय अध्ययन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नु परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याई सहित मन्त्रालय वा सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

तर मन्त्रालय वा सम्बन्धित निकायले प्रस्तावकलाई पूरक वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनको जाँचबुझ गर्दा मनासिब देखिएमा मन्त्रालय वा सम्वन्धित निकायले प्रस्तावकले पूरक वातावरणीय अध्ययन प्रतिवेदन पेश गरेको एक्काइस दिन भित्र तोकिए बमोजिम पूरक वातावरणीय अध्ययनको लागि अनुमति दिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूरक वातावरणीय अध्ययन प्रतिवेदन सम्वन्धी प्रस्तावको अनुमति दिन मनासिव नदेखिएमा सोको आधार र कारण खोली प्रस्तावकलाई अनुमति दिन नसकिने व्यहोराको लिखित जानकारी दिनुपर्नेछ ।

(५) पूरक वातावरणीय अध्ययन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१२. **सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्ने:** (१) मन्त्रालय वा सम्वन्धित निकायले प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको हकमा कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको एक वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र र संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा सुरु भएपछि दोस्रो पटक देखि अद्यावधिक गरिने वातावरणीय परीक्षण प्रतिवेदन अघिल्लो पटक वातावरणीय परीक्षण अद्यावधिक गरिएको मितिले तीन वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र गरिसक्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्वन्धमा मन्त्रालय वा सम्वन्धित निकायसँग समन्वय गरी तोकिएको निकायले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम तोकिएको निकायले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तब्य हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव कार्यान्वयनको क्रममा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्र.नं. १

उल्लेखित प्रभाव बाहेक थप वातावरणीय प्रभाव नहुने देखिएमा प्रस्तावक वा संचालकले त्यस्तो प्रस्तावको वातावरणीय अध्ययन गर्नु नपर्नाको आधार र कारण खोली उपदफा (२) र (३) बमोजिमको अवधिमा वातावरणमा प्रतिकूल प्रभाव नपरेको पुष्ट्याई गर्ने कागजात मन्त्रालय वा सम्वन्धित निकाय समक्ष पेश गर्नुपर्नेछ ।

(६) मन्त्रालय वा सम्वन्धित निकायले उपदफा (५) बमोजिम पेश भएको कागजात र स्थलगत अनुगमनका क्रममा फरक देखेमा वातावरणीय अध्ययन अद्यावधिक गर्न आदेश दिन सक्नेछ ।

१३. <u>रोक लगाइने:</u> (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने आयोजनाको प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा मन्त्रालय वा सम्बन्धित निकायले आधार र कारण खोली त्यस्तो आयोजना कार्यान्वयन नगर्न रोक लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो वापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेको पाईएमा उपदफा (१) बमोजिम लगाएको रोक मन्त्रालय वा सम्वन्धित निकायले फुकुवा गर्न सक्नेछ ।

१४. <u>वातावरणीय अध्ययन सम्वन्धी विशेष व्यवस्था:</u> (१) प्रदेश सरकार आफैले कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरणको आधारमा मन्त्रालय वा सम्वन्धित निकायले त्यस्तो क्षेत्रमा भविष्यमा सञ्चालन गर्न सकिने विकास निर्माणका कार्य वा आयोजना तथा त्यस्तो क्षेत्रमा सञ्चालन गर्न उपयुक्त हुने कार्य सम्वन्धी विवरण तयार गरी अभिलेख व्यवस्थित राख्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको विवरण मन्त्रालय वा सम्वन्धित निकायले सार्वजनिक गर्नु पर्नेछ। र कुनै पनि प्रस्ताव पेश वा कार्यान्वयन गर्दा सम्वन्धित प्रस्तावक निकाय तथा सरोकारवाला पक्षले सो अनुरुप गर्नु पर्नेछ ।

## परिच्छेद –३

## प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी ब्यवस्था

१५. **मापदण्ड निर्धारण गर्न सक्नेः**(१) प्रदेश सरकारले कुनै यान्त्रिक साधन, यन्त्र, उपकरण, उद्योग, सेवा प्रवाह, होटल, रेष्टुरेन्ट, स्वास्थ्य संस्था वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदुषण वा जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि नेपाल सरकारले तोकेको राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी प्रदेश मापदण्ड निर्धारण गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्न सक्नेछ ।

तर प्रदेश मापदण्ड नबनेसम्म राष्ट्रिय मापदण्डलाई नै प्रादेशिक मापदण्डको रुपमा लिईनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको मापदण्डको पालनाको सम्वन्धमा मन्त्रालय वा सम्वन्धित निकायले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

१६. **प्रदूषण गर्न नहुनेः** (१) कुनै पनि व्यक्ति, संस्था वा समूहले कसैको जनजीवन, जीवजन्तु, वनस्पती, जनस्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी दफा १५ बमोजिम प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड

विपरित हुने गरी कुनै पनि प्रकारको प्रदूषण गर्ने वा गराउने कार्य गर्नु हुँदैन ।

(२) हिमाल आरोहण, पदयात्रा, पर्यापर्यटन, दृष्यावलोकन वा अन्य कुनै प्रयोजनको लागि हिमालय वा उच्च पहाडी वा अन्य क्षेत्रमा जाने कुनै व्यक्ति, संस्था वा समूहले प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड विपरीत हुने गरी प्रदूषण गरी वातावरणमा प्रतिकूल प्रभाव पार्ने कार्य गर्न वा गराउन हुँदैन ।

१७. <u>रोक लगाउन सक्नेः</u> (१) दफा १६ विपरीत कसैले कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको देखिएमा मन्त्रालय वा सम्वन्धित निकायले सम्वद्ध व्यक्ति, समूह वा संस्थाबाट प्रदूषण पीडितलाई क्षतिपूर्ति दिलाउन, त्यस्तो व्यक्ति, संस्था वा समूहलाई प्रदूषण न्यूनीकरण वा निराकरणको उपाय अवलम्बन गर्न निर्देशन दिन, आवश्यक शर्त तोक्न वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(२) कुनै किसिमको पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगबाट वातावरणमा प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा मन्त्रालय वा सम्वन्धित निकायले यस ऐन वा प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कारवाहीमा परेको व्यक्ति, संस्था वा समूहलाई त्यस्तो पदार्थ, औजार, इन्धन, यन्त्र वा उपकरणको प्रयोगमा वा त्यस्ता सामग्रीको उत्पादन, आयात, बिक्री वितरण वा भण्डारणमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) प्रदूषण नियन्त्रण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. <u>जोखिमपूर्ण पदार्थको ओसारपसारः</u> (१) कुनै पनि किसिमका जोखिमपूर्ण पदार्थ प्रदेश भित्र आयात गर्न रोक लगाइनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मानव स्वास्थ्य, जीवजन्तु , वनस्पती र वातावरणमा प्रतिकूल प्रभाव नपार्ने तर औषधीजन्य गुण भएका र व्यवस्थापकीय हिसावले आवश्यक पर्ने कुनै खास किसिमको जोखिमपूर्ण पदार्थ आयात गर्न सकिनेछ ।

(३) जोखिमपूर्ण पदार्थ उत्पादनकर्ता वा कुनै व्यक्ति वा प्रचलित कानून बमोजिम स्थापित संस्था वा समूहले मन्त्रालयको अनुमति लिई जोखिमपूर्ण पदार्थको निर्यात गर्न सक्नेछ ।

(४) जोखिमपूर्ण पदार्थ ओसारपसारको आधार र मापदण्ड तथा सो सँग सम्वन्धित अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **जोखिमपूर्ण पदार्थको ब्यवस्थापनः** (१) जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्ने जिम्मेवारी त्यस्तो जोखिमपूर्ण पदार्थ उत्पादन, भण्डार तथा ओसारपसार गर्ने व्यक्ति, संस्था वा समूहको हुनेछ ।

(२) जोखिमपूर्ण पदार्थको संकलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन वा ओसारपसार गर्दा सम्वन्धित व्यक्ति, संस्था वा समूहले जनस्वास्थ्य, जीवजन्तु, वनस्पती र वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोकिए बमोजिम वर्गीकरण गरी तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्दा सम्वन्धित व्यक्ति, संस्था वा समूहले आफ्नै खर्च वा स्थानीय तहसँगको सहकार्यमा गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको कार्य गर्दा जनस्वास्थ्य वा वातावरणमा प्रतिकूल असर परेमा सम्वन्धित पीडित पक्षलाई मनासिव क्षतिपूर्ति उपलब्ध गराई यस ऐन र प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पर्ने छैन।

२०. **प्रयोगशाला स्थापना गर्न सक्नेः** (१) वातावरण संरक्षण वा प्रदूषण नियन्त्रण सम्वन्धी जाँच वा परीक्षण गर्न प्रदेश सरकारले आवश्यकता

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसार प्रयोगशाला स्थापना गर्न वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्वन्धी जाँच वा परीक्षण गर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाको संचालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. <u>वातावरणमैत्री योजना तयार गर्न सक्नेः</u> सिमसार क्षेत्र, धार्मिक स्थल, सडक, टोल तथा अन्य सार्वजनिक स्थानमा हुने फोहोरमैला व्यवस्थापनका लागि मन्त्रालयले स्थानीय तह सँगको समन्वयमा जैविक उर्जा, प्राङ्गारिक मल उत्पादन, प्रविधिमा आधारित यन्त्रशाला, वृक्षारोपण लगायतका विषयलाई समावेश गरी वातावरणमैत्री योजना तयार गरी लागू गर्न सक्नेछ ।

२२. <u>एकीकृत प्रदूषण नियन्त्रण प्रणालीः</u> (१) प्रदेशमा हुने वातावरणीय प्रदूषण नियन्त्रण एवम् रोकथामका लागि प्रदेश सरकारले आवश्यकता अनुसार प्रदेशका प्रमुख शहर, उद्योग तथा औद्योगिक क्षेत्र, कृषि फार्म तथा जोखिम रहेका क्षेत्रमा हुने विभिन्न प्रकारका प्रदूषण नियन्त्रणका लागि संघ वा स्थानीय तह वा दुवै सँगको समन्वयमा एकीकृत प्रदूषण नियन्त्रण प्रणाली योजना बनाई लागू गर्न सक्नेछ ।

(२) वन क्षेत्र बाहेक प्रदेशमा रहेका नदिनालाबाट उत्पादन गरिने नदिजन्य पदार्थको संकलन र उपयोगका सम्वन्धमा नेपाल सरकार र स्थानीय तहको समन्वयमा प्रदेश सरकारले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(३) नदीनालाबाट बगेर आएको नदीजन्य पदार्थ कसैको निजी जग्गामा बगेर आई जम्मा भएमा त्यस्तो नदीजन्य पदार्थको उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भए सो समेत गरी वा नपर्ने भए सम्वन्धित स्थानीय तहबाट वातावरण व्यवस्थापन योजना स्वीकृत गराई

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

सम्वन्धित जग्गाधनीले विक्री वितरण गर्न सक्नेछ र त्यसरी विक्री वितरण गर्दा सम्वन्धित स्थानीय तहलाई विक्री कर बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय तहले संकलन गरेको विक्री करको निश्चित प्रतिशत प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई वुझाउनु पर्नेछ।

२३. <u>वातावरणीय स्वच्छताका लागि हरियाली प्रवर्द्धन गर्न सक्नेः</u> मन्त्रालय वा सम्वन्धित निकायले स्थानीय तह, स्थानीय समुदाय, गैरसरकारी संस्था, सामुदायिक संस्थासँगको सहयोग, समन्वय तथा साझेदारीमा भौतिक संरचनामा विचलन नआउने गरी प्रदेशका प्रमुख शहर, उद्योग तथा औद्योगिक क्षेत्र, नदी र सडक किनार, सार्वजनिक स्थल, विद्यालय, विश्वविद्यालय, स्वास्थ्य संस्था तथा अन्य स्थानमा वृक्षारोपण र पुष्पवाटिका निर्माण जस्ता हरियाली प्रवर्द्धनका कार्य गर्न सक्नेछ ।

२४. <u>नमूना संकलन गर्न दिनुपर्नेः</u> (१) मन्त्रालय वा सम्वन्धित निकायले कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन हुने वा हुन सक्ने प्रदूषण तथा फोहोरमैलाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्नेको लागि सम्वन्धित धनी वा सम्बद्ध व्यक्तिसँग निजको उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरण आदिबाट उत्सर्जन भएको प्रदूषण तथा फोहोरमैलाको नमूना संकलन गर्न अनुमति मागेमा सम्वन्धित धनी वा सम्बद्ध व्यक्तिले तत्काल त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नमूना संकलनको अनुमति माग भएमा नमूना संकलन गर्न दिई सहयोग गर्नु सम्वन्धित व्यक्ति, संस्था, समूह वा संचालकको कर्तब्य हुनेछ ।

(३) कुनै व्यक्ति, संस्था, समूह वा प्रस्तावकले नमूना संकलन गर्न अनुमति नदिएमा मन्त्रालय वा सम्वन्धित निकायले त्यस्ता उद्योग, कलकारखाना, यन्त्र वा सवारी साधन संचालन गर्न रोक लगाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(४) उपदफा (३) बमोजिम कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधनलाई संचालनमा रोक लगाइएमा त्यस्तो उद्योग, करखारखाना, यन्त्र वा सवारी साधनको स्वामित्व भएको प्रस्तावकले प्रचलित कानून बमोजिम मन्त्रालय समक्ष पैंतीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।

(५) नमूना, संकलन, सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्वन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. <u>प्रदूषण नियन्त्रण प्रमाणपत्र दिनसक्ने</u>:(१) मन्त्रालयले प्रदूषण नियन्त्रणमा योगदान गर्ने उद्योग, संस्था, समूह, वा व्यक्तिलाई तोकिए बमोजिम प्रदूषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ ।

(२) प्रदूषण नियन्त्रण प्रमाणपत्र सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. <u>वातावरण निरीक्षक</u>: (१) दफा ९ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्वन्धमा र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्वन्धी मापदण्डको परिपालना भए नभएको सम्वन्धमा वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा प्रदेश सरकारको वन, वातावरण तथा जैविक विविधता सम्वन्धी विषयमा ज्ञान भएको अधिकृत कर्मचारीलाई वातावरण निरीक्षकको रुपमा तोकी अनुगमन तथा निरीक्षणका लागि खटाउन सक्नेछ ।

(३) वातावरण निरीक्षक सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. <u>वातावरण निरीक्षकको काम, कर्तब्य र अधिकार</u>:(१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत जोखिमपूर्ण पदार्थ निष्कासन गरे, नगरेको वा प्रदूषण गरे नगरेको सम्वन्धमा निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका शर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) कुनै ठाउँबाट ध्वनी, धुँवा, ताप वा फोहर मैला निष्काशन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ङ) दफा १३ वा दफा १७ बमोजिम रोक लगाइएको विषयको पालना भए नभएको सम्बन्धमा निरीक्षण गर्ने,

(च) कुनै कलकारखाना, उद्योग, सेवाजन्य उद्योग वा यस्तै कुनै पनि ठाउँमा वातावरणीय प्रदूषण भएको देखेमा तत्काल सम्वन्धित व्यक्ति वा संस्था वा समूहलाई प्रदूषण नियन्त्रण वा रोकथामका लागि निर्देशन दिई तत्काल सोको जानकारी मन्त्रालय वा सम्वन्धित निकायलाई गराउने,

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा वातावरण निरीक्षकले सम्वन्धित व्यक्ति, संस्था, समूह वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई सहयोग गर्नु सम्वन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तब्य हुनेछ ।

(४) वातावरण निरीक्षक निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, निजले मागेको विवरण वा जानकारी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

नदिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले तत्काल संघीय ऐनको दफा २२ को उपदफा (४) मा तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम वातावरण निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले उक्त सजायको जानकारी पाएको मितिले पन्ध्र दिन भित्र मन्त्रालय समक्ष उजुरी गर्न सक्नेछ र त्यस्तो उजुरीमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(६) वातावरण निरीक्षकले दफा १ बमोजिम गरेको जाँचबुझ तथा निरीक्षण सम्बन्धी कामको प्रतिवेदन सम्वन्धित निकाय वा तोकिएको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद –४

## जलवायू परिवर्तन सम्वन्धी ब्यवस्था

२८. **विवरण संकलन तथा प्राथमिकीकरणः** (१) जलवायू परिवर्तनबाट स्थानीय समुदाय, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतामा परेको प्रतिकूल असर तथा जोखिमको बारेमा मन्त्रालयले समय समयमा अध्ययन गरी विवरण अद्यावधिक गरी सार्वजनिक गर्नु पर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको अध्ययन तथा जलवायू परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि अवलम्वन गरिएका उपाय समेतका आधारमा प्रदेश सरकार तथा स्थानीय तहबाट कार्यान्वयन गरिने विकास आयोजना तर्जुमाको प्राथमिकता निर्धारण गर्न सक्नेछ।

२९. **अनुकूलन योजना बनाउन सक्नेः** (१) मन्त्रालयले जलवायू परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि जलवायू परिवर्तनको असरबाट बढी जोखिममा रहेको क्षेत्रको पहिचान गरी सो क्षेत्रमा त्यसको असरबाट बढी प्रभावित हुने महिला, अपाङ्गता भएका व्यक्ति,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता राखी स्थानीय तहसँगको सहकार्यमा अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजनालाई जलवायू अनुकूलन मैत्री बनाउन योजना तयारी तथा कार्यान्वयनको क्रममा विपद जोखिम व्यवस्थापन, पूर्वाधार विकास र यसबाट प्रत्यक्ष प्रभावित कृषि, जलस्रोत तथा उर्जा आदिमा उपयुक्त प्रविधिको पहिचान, संरक्षण र प्रवर्द्धनमा ध्यान दिनु पर्नेछ।

(३) मन्त्रालयले समुदायमा आधारित वन व्यवस्थापन योजनालाई कार्वन संचिति र जलवायू परिवर्तन अनुकूल मैत्री बनाउन सम्वन्धित उपभोक्ता समूहसँगको सहकार्यमा विशेष योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

३०. <u>उत्सर्जनको आधार पहिचान गरी न्यूनीकरणका उपाय अवलम्बन गर्न सक्नेः</u> (१) प्रदेश सरकारले उत्सर्जनको ऐतिहासिक प्रवृत्ति तथा हरितगृह ग्याँस उत्सर्जन गर्ने यातायात, उद्योग, उर्जा, कृषि, वन तथा भू-उपयोग लगायत क्षेत्र र कारकहरुको आधार तह (रिफरेन्स लेभल) पहिचान गरी तिनलाई उत्सर्जनको मात्राका आधारमा वर्गीकरण गर्ने र उत्सर्जन मापनका आधारहरु तयार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान र वर्गीकरण भएको आधार तहको सम्वन्धमा मन्त्रालयले आवधिक रुपमा अनुगमन गरी अद्यावधिक गरिएको जानकारी सार्वजनिक गर्नेछ ।

(३) न्यूनीकरणका लागि प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक कार्यक्रम संचालन गर्न सक्नेछ ।

(४) मन्त्रालयले हरितगृह ग्याँस उत्सर्जनको मापन गर्न वा गराउन सक्नेछ ।

(५) हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

३१.**मापदण्ड निर्धारण गर्न सक्ने:** (१) जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरणका सम्वन्धमा सहरी तथा ग्रामीण क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने विषयको प्राथमिकता निर्धारण गर्नको लागि प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तह समेतको सहभागीतामा आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(२) जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरणका लागि तोकिएका विषयगत क्षेत्रमा आवश्यक पर्ने प्रविधिको विकास गर्न प्रदेश सरकारले आवश्यक नीतिगत र प्राविधिक मापदण्ड निर्धारण गर्न सक्नेछ ।

३२. **कार्बन ब्यापारमा भाग लिन सक्ने:**(१) प्रदेश सरकारले नेपाल सरकारको सहमतीमा कार्बन उत्सर्जन न्यूनीकरण र संचितीकरणका लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यवसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन ब्यापारमा भाग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्बन व्यापरमा भाग लिने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –५

## राष्ट्रिय सम्पदा, जैविक विविधताको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र सम्वन्धी ब्यवस्था

३३. **सम्पदाको संरक्षण:**(१) प्रदेशमा रहेका राष्ट्रिय सम्पदा तथा जैविक विविधताको संरक्षण गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) प्रदेश भित्रका राष्ट्रिय सम्पदा तथा जैविक विविधताको संरक्षण गर्ने प्रयोजनका लागि सरोकारवाला निकायले विश्व सम्पदा सूचीमा परेका वस्तु, स्थल, वनस्पति, जीवजन्तु, वातावरणीय अवस्था समेतको अभिलेख तयार गरी राख्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) उपदफा (२) बमोजिमको अभिलेखमा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु, वातावरणीय अवस्था आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ ।

३४. **<u>वातावरण संरक्षण सम्बन्धी विशेष व्यवस्था</u>:** (१) प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, सौन्दर्यपरकस्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा धार्मिक वा सांस्कृतिक महत्वको स्थललाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन, शहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा तथा आयोजना सञ्चालन गर्दा सरोकारवालासँगको समन्वयमा संघीय कानूनसँग नबाझिने गरी प्रदेश सरकारले कुनै क्षेत्र वा क्षेत्रफल निर्धारण गरी कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कायम गरिएको संरक्षण क्षेत्र वा उपदफा (२) बमोजिम तोकिएको खुला वा हरियाली क्षेत्रभित्र त्यस्तो क्षेत्रलाई हानी नोक्सानी हुने तोकिए बमोजिमको कुनै पनि काम गर्न नपाउने गरी रोक लगाउन सकिनेछ ।

(४) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य, जीवजन्तु वनस्पती वा वातावरणमा नकारात्मक असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहको परामर्शमा त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुर्नस्थापनाको लागि कुनै उपयुक्त आदेश दिन वा योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(५) प्रदेश सरकारले कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण भएको स्थानलाई प्रदूषणजन्य क्षेत्र तोकी सर्वसाधारणको आवत जावतमा रोक लगाउन सक्नेछ ।

(६) उपदफा (४) वा (५) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भएमा त्यस्तो क्षेत्रलाई संवेदनशील क्षेत्र वा प्रदूषणजन्य क्षेत्रको रुपमा कायम नराख्न सकिनेछ ।

(७) वातावरण संरक्षणका लागि यस दफा बमोजिम कायम गरिएको वा तोकिएको क्षेत्रको ब्यवस्थापनमा स्थानीय तहलाई सहभागी गराउन सकिनेछ ।

(८) उपदफा (७) बमोजिम संयुक्त रुपमा व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागी गराउनुपर्नेछ ।

## परिच्छेद –६

## वातावरण संरक्षण कोष तथा परिषद्को व्यवस्थापन सम्वन्धी ब्यवस्था

३५. कोषको स्थापना र सञ्चालनः (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायू परिवर्तन व्यवस्थापन, राष्ट्रिय सम्पदाको संरक्षणको लागि प्रदेश वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको संचालन प्रदेश आर्थिक कार्यविधि ऐन तथा आर्थिक कार्यविधि नियमावली बमोजिम हुनेछ ।

३६. **परिषद गठन गर्न सक्नेः** (१) वातावरण संरक्षण तथा जलवायू परिवर्तन सम्वन्धी कार्यलाई प्रदेश स्तरमा प्रभावकारी रुपमा संचालन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा एक वातावरण संरक्षण तथा जलवायू परिवर्तन व्यवस्थापन परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछनः

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) प्रदेश सरकारको वातावरण हेर्ने मन्त्री -उपाध्यक्ष

(ग) प्रदेश योजना आयोगका उपाध्यक्ष -सदस्य

(घ) प्रदेश संसदको वातावरण संरक्षण सम्वन्धी विषय हेर्ने सभापति -सदस्य

(ङ) वन तथा वातावरण विज्ञानका प्राध्यापकहरुमध्येबाट अध्यक्षबाट मनोनित एकजना महिला सहित दुई जना - सदस्य

(च) वातावरण तथा जलवायूको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट एक जना महिला सहित अध्यक्षबाट मनोनित दुईजना -सदस्य

(छ) सचिव, मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गोश्वरा नं. १

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।

३७. <u>परिषद्को बैठकः</u> (१) परिषद्को बैठक वर्षमा कम्तीमा एक पटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने बिषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तिमा अठ्चालीस घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को अध्यक्षले अठ्चालीस घण्टा अगाडि परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ ।

(३) पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(५) परिषद्को निर्णय अध्यक्ष सहितको बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधी वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य सचिवले प्रमाणित गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(८) परिषद्को बैठक सम्वन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३८. <u>परिषद्को काम, कर्तब्य र अधिकारः</u> परिषद्को काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दीर्घकालिन नीति, योजना तथा कार्यक्रममा वातावरण तथा जलवायू परिवर्तन सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र सम्पदा संरक्षण प्रणालीको विकासको लागि नीति तय गर्ने,

(ग) वातावरण संरक्षण तथा जलबायू परिवर्तन सम्वन्धी कार्यमा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(घ) वातावरण संरक्षण र जलवायू परिवर्तन सम्वन्धी आर्थिक स्रोतको व्यवस्थापन गर्ने र सोको लागि सहजिकरण गर्ने,

(ङ) प्राकृतिक, साँस्कृतिक र भौतिक संशाधन एव म् सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि मन्त्रालयलाई मार्गदर्शन गर्ने,

## परिच्छेद –७

## <u>कसूर र जरिवाना तथा क्षतिपूर्ति</u>

३९. <u>कसूरः</u> कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा भएकोमा बाहेक देहायका काम कारवाही गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कुनै कार्य गरेमा,



आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(ख) प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा,

(घ) कसैले खण्ड (क) बमोजिमको कसूर गर्दा मन्त्रालय वा सम्वन्धित निकायले सुधार गर्न आदेश दिंदा आदेश विपरितको कार्य गरेमा,

(ङ) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड विपरीतको कुनै कार्य गरेमा,

(च) खण्ड (ङ) बमोजिमको कार्य गरेकोमा सो नगर्न आदेश दिंदा आदेश बमोजिमको कार्य नगरेमा,

(ज) नेपाल सरकार वा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड विपरितको कुनै कार्य गरेमा,

(झ) कुनै सार्वजनिक निकाय, व्यक्ति, संस्था वा समूहले वातावरण प्रदूषण गर्ने खालका वस्तुको उत्सर्जन तथा यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम उचित व्यवस्थापन नगरेमा,

(ञ) कुनै व्यक्ति वा संस्थाले दफा ५० बमोजिम जारी भएको आदेश उल्लङ्घन गरेमा,

४०. **जरिवाना:**(१) दफा ३९ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) दफा ३९ को खण्ड (ख) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई दश लाख रुपैयाँ सम्म जरिवाना हुनेछ।

(३) दफा ३९ को खण्ड (ग) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई पचास लाख रुपैयाँ सम्म जरिवाना हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(४) दफा ३९ को खण्ड (घ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्रमशः उपदफा (१), (२) र (३) बमोजिम हुने जरिवानाको तेब्बर जरिवाना हुनेछ ।

(५) दफा ३९ को खण्ड (ङ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई सम्वन्धित निकायले त्यस्तो कार्यमा बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिना भित्र नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्ने छ ।

(६) दफा ३९ को खण्ड (च) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई उपदफा (५) बमोजिम हुने कसूरको जरिवानाको तेब्बर जरिवाना हुनेछ ।

(७) दफा ३९ को खण्ड (ज) र (झ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई एक लाख रुपैयाँ सम्म जरिवाना हुनेछ ।

(८) दफा ३९ को खण्ड (ञ) अन्तर्गतको कसूर गर्नेलाई एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(९) दफा ३९ को खण्ड (ट) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

४१. <u>कालो सूचीमा राख्न सक्नेः</u>(१) दफा ३९ को खण्ड (घ) र (च) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्य बन्देज गरी त्यस्तो व्यक्ति, संस्था वा समूहलाई बढीमा पाँच वर्षसम्म कालो सूचीमा राखिनेछ।

(२) दफा ३९ को खण्ड (ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले दिएको आदेश कार्यान्वयन नभएको विषयमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी उपदफा (१) बमोजिमको कारबाही गर्नेछ ।

(३) उपदफा (२) बमोजिम त्यस्तो व्यक्ति, संस्था, समूह वा प्रस्तावकलाई कालो सूचीमा राखिएकोमा त्यस्तो व्यक्ति, संस्था, समूह वा प्रस्तावकले कालो सूचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

व्यक्ति, संस्था वा समूहसँग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन ।

(४) यस परिच्छेद बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति, संस्था, समूह वा प्रस्तावकलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

४२. **निवेदन दिन सक्ने:** (१) कसैले यस ऐन विपरीत प्रारम्भिक वातावरणीय परीक्षण, संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने कार्य गरेमा वा गर्न लागेमा कुनै पनि व्यक्ति, संस्था वा समूहले मन्त्रालय वा सम्वन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण पदार्थ निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति, संस्था वा समूहलाई कुनै हानी वा नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति, संस्था वा समूहले आफूलाई पुग्न गएको क्षति वापत मन्त्रालय वा सम्वन्धित निकाय समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम परेको निवेदनका सम्वन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानी नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था, समूह वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराइ दिनु पर्नेछ ।

(४) प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको बिषयमा परेको निवेदनका सम्बन्धमा छानविन गर्न प्रदेश सरकारले मनोनयन गरेका तीनजना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (२) र (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. <u>पुनरावेदनः</u> दफा ४० बमोजिम सम्वन्धित निकायबाट भएको जरिवाना र क्षतिपूर्ति उपर चित्त नबुझ्ने पक्षले मन्त्रालय समक्ष र मन्त्रालयले गरेको जरिवाना र क्षतिपूर्ति भए प्रचलित कानून बमोजिमको निकाय समक्ष पैतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद –८
## <u>विविध</u>

४४. <u>क्षतिपूर्ति भराईदिने:</u>(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरित प्रदूषण, ध्वनी, ताप वा हानिकारक फोहोरमैलाको सृजना वा निष्काशन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति, संस्था वा समूहलाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कामबाट पीडित व्यक्ति, संस्था वा समूहले आफूलाई पुग्न गएको क्षति वापत तोकिएको अधिकारी समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) कुनै पनि विकासका आयोजनाऽ योजनाऽ कार्यक्रम र व्यवसाय संचालन गर्दाका बखत निर्धारित समयमा काम सम्पन्न नगर्दा वा त्यसका कारण प्राकृतिक विपत्ति वा क्षति भएमा पीडितले सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछ। यसरी प्राप्त निवेदनको मूल्याङ्कन गरी त्यसको संचालकबाट भए गरेको क्षतिको क्षतिपूर्ति दिलाई भराई गराउनु सम्बन्धित अधिकारीको जिम्मेवारी हुनेछ।

(३) उपदफा (१) बमोजिम परेको निवेदनका सम्वन्धमा तोकिएको अधिकारीले छानबिन तथा जाँचबुझ गर्दा हानी नोक्सानी भएको ठहऱ्याएमा क्षतिको यकिन गरी त्यसरी हानी नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था, समूह वा प्रस्तावकबाट पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(४) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **वातावरण संरक्षण योजना तर्जुमा गर्न सक्नेः** (१) स्वच्छ र स्वस्थ वातावरण कायम गर्ने गरी वातावरण संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारले वातावरण संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको योजना तर्जुमा गर्दा वातावरण संरक्षण, संबर्द्धन, दीगो उपयोग र वातावरणीय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यासलाई योजनामा समावेश गर्नु पर्नेछ ।

४६. **व्यवसायिक सामाजिक जिम्मेवारीः** (१) कुनै पनि व्यक्ति, संस्था वा समूहले वातावरणमा प्रतिकूल असर पार्ने खालका कुनै पनि कार्यक्रम वा आयोजना सञ्चालन तथा कार्यान्वयन गर्दा वार्षिक मुनाफाको कम्तिमा एक प्रतिशत रकम व्यवसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि छुट्याई सोको योजना तथा कार्यक्रम वनाई वातावरण संरक्षणको क्षेत्रमा खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरण संरक्षणको क्षेत्रमा गरिएको खर्चको विवरण सहित सञ्चालन गरिएको कार्यक्रमको प्रगति प्रतिवेदन सम्वन्धित व्यक्ति, संस्था वा समूहले मन्त्रालय वा सम्वन्धित निकायमा पेश गर्नुपर्नेछ ।

४७. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुनेछैन । तर असल नियतले कार्य गरेको हो भन्ने प्रमाण पुऱ्याउने भार सम्वन्धित ब्यक्तिमा रहनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

४८. **अनुगमन तथा निरीक्षण गर्न सक्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालय वा सम्वन्धित निकाय वा तोकिएको निकायले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) सम्वन्धित निकाय वा तोकिएको निकायले गरेको अनुगमन तथा निरीक्षण सम्वन्धी प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिने अनुगमन तथा निरीक्षण सम्वन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

४९. **वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेः** (१) मन्त्रालयले प्रत्येक वर्ष देहायका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछः

(क) दफा ४८ बमोजिम गरिएको अनुगमन तथा निरीक्षणबाट प्राप्त विवरण,

(ख) मन्त्रालय वा मन्त्रालय मातहतका निकायबाट वातावरण संरक्षणका क्षेत्रमा संचालन गरेका कार्यक्रमको प्रगति,

(ग) जलवायू परिवर्तन सम्बन्धमा भएको प्रादेशिक क्रियाकलाप सम्वन्धी विवरण,

(घ) अन्य आवश्यक विवरण ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र परिषद समक्ष पेश गर्नु पर्नेछ।

(३) परिषदले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा जानकारी गराउनु पर्नेछ।

५०. **आदेश जारी गर्न सक्नेः**(१) प्रदेश सरकारले जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनका लागि स्थानीय तह तथा अन्य सार्वजनिक निकाय एवम् नीजि क्षेत्रबाट कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा कार्ययोजनामा जलवायू परिवर्तनको प्रतिकूल

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

असर तथा जोखिम न्यूनीकरणको लागि अबलम्बन गर्नुपर्ने उपायका सम्वन्धमा तथा वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्वन्धमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश जारी गर्दा प्रदेश सरकारले प्राथमिकताका क्षेत्र तोक्न सक्नेछ ।

५१. **अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार मन्त्रालय मातहतका निकाय, वातावरण निरीक्षक वा सम्वन्धित निकायले कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५२. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

५३. **मन्त्रालय वा सम्वन्धित निकायको अधिकारः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण सम्वन्धी सम्वन्धित स्थानीय तहको कानून नबनुन्जेलसम्म स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको स्वीकृति मन्त्रालय वा सम्वन्धित निकायबाट हुनेछ ।

५४. **नियम वनाउने अधिकारः** यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

५५. **कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५६. **बचाउः** यो ऐन प्रारम्भ हुनुअघि भए गरेका काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.

## अनुसूची-१

दफा ३ को उपदफा (१) सँग सम्वन्धित

## प्रदेशको अधिकारक्षेत्र

१. प्रदेश सरकारले सञ्चालन गर्ने भौतिक पूर्वाधार निर्माण सम्वन्धी विकास आयोजना वा परियोजना,

२. संघीय सरकारले प्रदेश सरकार मार्फत सञ्चालन गर्ने भौतिक पूर्वाधार निर्माण सम्वन्धी विकास आयोजना वा परियोजना,

३. प्रदेश सरकारले स्थानीय तह मार्फत सञ्चालन गर्ने भौतिक पूर्वाधार निर्माण सम्वन्धी विकास आयोजना वा परियोजना,

४. प्रदेश सरकारबाट स्वीकृति र अनुमति लिनुपर्ने तोकिए बमोजिमको स्थिर पूँजी वा क्षमताभन्दा माथिका उद्योगहरु,

५. स्थानीय तहबाट व्यवस्थापन गरिने नदीजन्य पदार्थको उत्पादन वा उत्खनन् सम्वन्धी कार्य,

६. प्रादेशिक वन ऐन बमोजिम गरिने तोकिए बमोजिमका कार्य,

७. प्रचलित संघीय वा प्रदेश कानून बमोजिमको अधिकारक्षेत्र भित्रका अन्य कार्य।

**प्रमाणीकरण मिति : २०७६/१२/२०**

**आज्ञाले,**
**हरिप्रसाद मैनाली**
**प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १